# लोक सेवा आयोग

राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको
आन्तरिक प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा
मिति: २०८२।८।२७

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: सार्वजनिक क्षेत्र व्यवस्थापनमा जवाफदेहिता, नैतिकता र व्यावसायिकता
(Public Accountability, Ethics and Professionalism in Public Sector Management)

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

१. सार्वजनिक व्यवस्थापन गर्ने क्रममा कर्मचारीहरूले सदैव उच्च नैतिकताको प्रदर्शन गर्नुपर्दछ । सदाचारयुक्त शासकीय व्यवहार सुशासनको कसी हो । अहिले विश्वव्यापी रुपमा देखा परेको राज्य सञ्चालन प्रतिको असन्तुष्टिको प्रमुख कारण भ्रष्टाचारजन्य क्रियाकलाप तथा सुशासनको कमी नै हो भन्नुमा कुनै अत्युक्ति हुँदैन । शासकीय कार्यहरू अपारदर्शी तथा असमावेशी भएको कारण अधिकांश मुलुकमा सरकार प्रतिको आक्रोश बढ्दै गएको छ । यसका साथै युवा पीँढीको आकांक्षा तथा चाहना बमोजिम शासकीय व्यवहार नभएको गुनासो पनि छ । यस सिलसिलामा हाम्रो देश लगायत हाम्रा छिमेकी मुलुकहरूमा व्यापक असन्तोष प्रदर्शित भएका उदाहरणहरू ताजै छन् । यसका परिणामहरू अनपेक्षित रहेको पाइएको छ । यसले गर्दा आजको युगमा नैतिक, इमान्दार, निष्पक्ष तथा सदाचारी नेतृत्वको अपरिहार्यता स्थापित भएको छ ।

भनिन्छ "भ्रष्टाचारको खुट्टा हुँदैन, बरु पखेटा हुन्छ "। खुट्टा मात्र भए काटेर फाल्न सकिन्थ्यो, तर पखेटा भएकोले यसको जालोलाई च्यात्न धेरै मिहिनेत गर्नु पर्दछ । यसैगरी "माछा कुहिंदा टाउकोबाटै शुरु हुन्छ" भन्ने भनाईले भ्रष्टाचार माथिल्लो तहबाटै पलाउने कुराको पुष्टि गर्दछ । यसर्थ नेतृत्व तह सदाचारी भयो भने निश्चय नै भ्रष्टाचार मौलाउन पाउँदैन । विश्व परिवेशमा भ्रष्टाचार नहुने देशको सूचकांकमा माथिल्लो स्थानमा रहेका मुलुकहरूले सम्पन्नता तथा प्रगति हासिल गरेको स्पष्ट देखिन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व विकासमा घर परिवार, समाज तथा शैक्षिक प्रतिष्ठानको महत्त्वपूर्ण योगदान हुन्छ । व्यक्तिलाई असल व्यवहार तथा मानवीय मूल्यको शिक्षा यहींबाट नै प्राप्त हुन्छ । नेपालको प्रशासनिक परिवेश यिनै सिकाईबाट प्रभावित छ ।

सदाचारितालाई कार्यस्तरमा तथा सांगठनिक व्यवहारमा रुपान्तरण गर्ने प्रकृया तथा पद्धति नेपालको सार्वजनिक प्रशासनमा तयार गरिएको छ । राजनैतिक पाटोमा लाभको पदमा रहने पदाधिकारीले सम्पत्ति विवरण सार्वजनिक गर्ने, पद तथा गोपनीयताको शपथ लिनुपर्ने, निर्वाचन आचारसंहिता पालन गर्ने, निर्वाचन खर्चको विवरण बुझाउनु पर्ने, राजनैतिक दलहरूले लेखापरीक्षण गराई आयव्ययको विवरण बुझाउनु पर्ने तथा पदको दुरुपयोग गरेमा दण्ड सजाँयको भागीदार हुनुपर्ने व्यवस्था छ । यसैगरी राष्ट्रसेवक कर्मचारीहरूले शपथ लिनुपर्ने, आचारसंहिता पालना गर्नुपर्ने, राज्य कोषबाट हुने खर्चको उत्तरदायित्व वहन गर्नुपर्ने, प्रत्येक वर्ष सम्पत्ति विवरण बुझाउनु पर्ने तथा सार्वजनिक खर्च प्रति व्यक्तिगत तहबाटै जिम्मेवारी लिनुपर्ने जस्ता व्यवस्थाहरू कानूनमै राखिएका छन् । साथै भ्रष्टाचारजन्य कार्यहरूलाई नियन्त्रण गर्ने नीतिगत तथा संरचनागत व्यवस्था गरिएको छ । संवैधानिक निकाय तथा उच्चस्तरको कार्यकारी संरचनाद्वारा सार्वजनिक प्रशासनमा भ्रष्टाचार निवारणलाई प्राथमिकता दिने गरेको पनि पाइएको छ । तर भ्रष्टाचार नियन्त्रण तथा सुशासन मुख्य मुद्दा भएको वर्तमान परिप्रेक्ष्यमा हाम्रो शासकीय शैली तथा प्रशासनिक व्यवहारमा ठूलो परिवर्तन नगरी देशलाई प्रगति तर्फ डोऱ्याउन सकिंदैन भन्ने स्पष्ट अभिमत छ ।

वर्तमान परिवेशमा यदि तपाईंलाई शासकीय व्यवहारमा सुधार र सदाचारलाई प्रवर्द्धन गरी भ्रष्टाचार मुक्त समाजको स्थापना गर्न तत्काल कार्यान्वयनयोग्य कार्यपत्र पेश गर्न भनी सरकारले जिम्मा दिएमा तपाईंले प्रस्तुत गर्ने कार्यपत्रमा देहायका पक्षहरूलाई के कसरी सम्बोधन गर्न उपयुक्त देख्नुहुन्छ ? उल्लेख गर्नुहोस् । ८+८+९=२५

(क) नेपालको सार्वजनिक क्षेत्रमा नैतिकता प्रवर्द्धन गर्न परिवार, समाज, शैक्षिक प्रतिष्ठान लगायत अन्य संस्थाहरूले निर्वाह गरेको भूमिकाको विश्लेषण,

(ख) भ्रष्टाचारजन्य क्रियाकलापहरूलाई नियन्त्रण तथा दोषीलाई कारवाही गर्न एवं सार्वजनिक प्रशासनमा सदाचार तथा सुशासन कायम गर्न चालिएका नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा देखिएका कमी कमजोरीहरू,

(ग) वर्तमान परिस्थितिले माग गरे बमोजिम भ्रष्टाचार नियन्त्रण तथा सार्वजनिक क्षेत्रको विश्वसनीयता बढाउनका लागि गर्नुपर्ने तत्कालीन तथा दीर्घकालीन उपायहरू ।

२. नेपालको शासन प्रणाली विगत केही वर्षयता निरन्तर आलोचनाको केन्द्रमा रहेको छ। नीति र कार्यक्रमहरू राम्रो हुँदाहुँदै पनि तिनको कार्यान्वयनमा पारदर्शिता, जवाफदेहिता र नैतिक नेतृत्वको अभाव देखिँदै आएको छ। सार्वजनिक सेवामा देखिएका अनियमितता, भ्रष्टाचार, ढिलासुस्ती, शक्ति दुरुपयोग र सार्वजनिक कोषको अपारदर्शी प्रयोगले जनविश्वासमा गम्भीर ह्रास ल्याएको छ। सुशासनका प्रयासहरू कागजमा मात्र सीमित हुँदा समाजका सचेत र शिक्षित युवाहरू बीच शासन प्रणालीप्रतिको असन्तुष्टि तीव्र बन्दै गएको छ। डिजिटल युगमा हुर्किएका युवापुस्ता पारदर्शी, परिणाममुखी र मूल्यमा आधारित शासन चाहन्छन्। जब तिनीहरूको आकांक्षा हाम्रा प्रशासनिक अभ्याससँग मेल खाँदैन, तब सामाजिक सञ्जाल र सडक दुवैतिर असन्तोषको अभिव्यक्ति देखिन्छ। यी विषयहरूमा भित्र-भित्र लुकेका जनमानसका असन्तुष्टिहरू अब युवाहरूको बोली र सामाजिक सञ्जालहरू मार्फत प्रस्फुटित भएका छन्।

सार्वजनिक सेवामा नैतिकताका प्रमुख स्रोतहरू संविधान, कानून, आचारसंहिता सम्बन्धी व्यवस्था, धार्मिक-सांस्कृतिक मूल्य, व्यावसायिक नीतिशास्त्र र व्यक्तिगत तत्परता मुख्य हुन्। तर व्यवहारमा यी स्रोतहरूको प्रभाव कमजोर हुँदै गएको छ। निर्णय प्रक्रियामा राजनीतिक हस्तक्षेप, आर्थिक स्वार्थ, समूहगत चलखेल र पारदर्शिताको अभावले सार्वजनिक प्रशासनको नैतिकता माथि प्रश्न उठ्ने गरेको छ। प्रतिष्ठाको लागि शक्ति र पदको प्रयोग हुँदै गएपछि शक्ति नैतिकता (Power Ethics) कमजोर बनेको छ, जसले नैतिक संस्था (Ethical Organization) निर्माणको प्रयासमा बाधा पुऱ्याएको छ।

सार्वजनिक जीवनका सिद्धान्तहरू स्वार्थहीनता, सत्यनिष्ठा, वस्तुनिष्ठता, जवाफदेहिता, पारदर्शिता, आदि इमान्दार नेतृत्व शासनका मूल आधारहरू हुन्। यिनको संस्थागत अभ्यास कमजोर हुँदा सेवा प्रवाहको गुणस्तर घटेको छ र जनतामा असन्तुष्टि बढेको छ। विशेष गरी सार्वजनिक खरिद, बजेट व्यवस्थापन र स्रोत उपयोगमा देखिएको अपारदर्शिता जस्ता विषयहरू नैतिक संकटका प्रत्यक्ष प्रमाणहरू हुन्। नैतिक विचलनले स्रोतको दुरुपयोग र भ्रष्टाचारको तहलाई बढाउँदै लगेको छ। फलस्वरुप, युवापुस्ताले शासन प्रणालीमा सुधारको माग गर्दै आवाज उठाउन थालेका छन्। यसले राज्य व्यवस्थालाई आत्मसमीक्षा गर्न र मूल्य-आधारित प्रशासनिक पुनरुत्थानको आवश्यकता महसुस गराएको छ।

भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्द्धनका लागि अबको दिशानिर्देश स्पष्ट हुनुपर्छ। नैतिक शिक्षा र मूल्यमा आधारित शिक्षाको संस्थागत व्यवस्थापन, विद्युतीय शासन (E-Governance) र पारदर्शिताको सुदृढीकरण, नागरिक सहभागिताको विस्तार र शीर्ष तहबाट शुरु हुने नैतिक नेतृत्व अपरिहार्य बनेका छन्। कार्यसम्पादन मूल्याङ्कन र कार्यसम्पादन सम्झौतामा समेत नैतिकता मापनको सूचक समावेश गर्नुपर्ने हुन सक्दछ। जसबाट सार्वजनिक सेवकले आफ्नो भूमिकालाई जिम्मेवारीका आधारमा सेवा गर्न सक्ने संस्कृतिको विकास गर्न सहयोग पुग्न सक्दछ। यति भन्दै जाँदा शासन प्रणालीका राजनीतिक र प्रशासनिक सबै पात्रहरूमा नैतिकताको ह्रास भएको छ भन्ने होइन। नैतिकवान व्यक्तिहरू ओझेलमा परेका छन्, यस्ता पात्रहरूको क्षमताको पूर्ण उपयोगमा हामी अब्बल बन्न सकिरहेका छैनौं। यो विषय पनि हाम्रो सुधारको कार्यसूची बन्नु पर्ने आवश्यकता छ।

यस सन्दर्भमा नेपालको प्रशासनमा नैतिक संस्था (Ethical Organization) निर्माणका लागि देखिएका समस्या, ति समस्याका कारण र सुशासन कायम गर्न यसले पारेका प्रभावहरूको विश्लेषण गरी सुधारका लागि व्यवहारिक र कार्यान्वयनयोग्य उपायहरू प्रस्तुत गर्नुहोस्। ६+५+७+७=२५

३. कुनैपनि सरकार तथा सरकारी संयन्त्रबाट उसले गर्ने हरेक क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता, कानूनी शासन, समावेशिता, सहभागिता, प्रभावकारिता, समानता र भ्रष्टाचारमुक्त आचरणको अपेक्षा गरिएको हुन्छ। यसबाट नै स्रोत साधनको समुचित प्रयोग र जनआकांक्षा अनुरुपको नतिजा प्राप्त हुन्छ भन्ने मान्यता राखिन्छ। नेपालको शासन प्रणालीमा संवैधानिक परिवर्तन र संघीय शासन संरचनाहरू निर्माण भएपछि पारदर्शिता, जवाफदेहिता, कानूनी शासन लगायतमा निकै सुधार हुने अपेक्षा राखिएको थियो, तर आशातित रुपमा सुधार हुन सकेन। नीतिगत भ्रष्टाचार कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका लगायत राज्यका सबै अंगहरूमा व्याप्त रहेका गुनासाहरू पनि छन्। भ्रष्टाचार तथा अनियमितताका अनेकौ काण्डहरू बाहिर आउनु तर त्यसउपर तात्विक रुपमा अनुसन्धान तथा कारवाही नहुनु, विभिन्न अदालत तथा न्यायिक निकायमा रहेका मुद्दाहरू पनि दशकौंसम्म फैसला नहुनु वा भएपनि प्राविधिक विषय समाई सफाई दिने वा नाममात्रको कारवाही हुने गरेको भनि आमरुपमा आलोचना हुने गरेको छ। त्यस्तै खर्चको पारदर्शिता तथा जवाफदेहिता नरहनु, शक्तिकाभरमा योजनाहरू छनौट हुनु, खरिद प्रक्रियामा मिलेमतो तथा स्वार्थ कायम गरिनु, सरकारी काममा सानाठूला विचौलियाहरू व्याप्त रहनु, सरकारमा व्यवसायी र विचौलियाहरू हावी हुँदै गएको अवस्था देखिँदै गई सरकारप्रति आममानिसको विश्वास क्रमशः गुम्दै जानु, राजनैतिक दलहरू जनअपेक्षा अनुरुप चल्न नसक्नु तथा राजनीतिज्ञहरू नैतिक रुपमा ह्रासोन्मूख हुँदै गएको देखिनु, स्थायी सरकारको रुपमा चिनिने कर्मचारीतन्त्र पनि उत्तरदायी हुन नसक्नु भन्ने जस्ता गुनासाहरू रहेका छन्। एकातर्फ भ्रष्टाचार बढेको, अनियमितता बढेको, स्रोत साधानको दुरुपयोगमा कमी नभएको अवस्था रह्यो भने अर्को तर्फ जुनसुकै

काम गरेतापनि त्यसप्रति पुरै समाज नै नकारात्मक हुने खालको वातावरण र संस्कृतिको विकास हुँदै गएको छ। सार्वजनिक उत्तरदायित्व अभिवृद्धिका लागि नागरिक वडापत्र (Citizen Charter), भ्रष्टाचार विरुद्धको रणनीति, सार्वजनिक सुनुवाई लगायतका उपाय र संरचनात्मक व्यवस्थाहरू गरिएपनि ति सबै निष्प्रभावी र कागजी रुपमा सीमित हुन पुगेको अवस्था छ।

प्रस्तुत सन्दर्भमाः ९+७+९=२५

(क) मुलुकमा सार्वजनिक उत्तरदायित्व सम्बन्धी व्यवस्था र सो को परिपालनाको अवस्थाको समिक्षा गर्नुहोस्।

(ख) सार्वजनिक उत्तरदायित्व सम्बन्धी प्रमुख समस्याहरूको पहिचान गरी यी समस्या उत्पन्न हुनुका कारणहरू उल्लेख गर्नुहोस्।

(ग) सार्वजनिक उत्तरदायित्व अभिवृद्धिका लागि चाल्नु पर्ने कदमहरू सहित सुधारको कार्ययोजना प्रस्तुत गर्नुहोस्।

४. अनेकौं सुधार प्रयासका बाबजूद नेपालको सार्वजनिक क्षेत्र व्यवस्थापनमा व्यावसायिकताको विकास हुन नसकेको गुनासो जानकार एवं विज्ञहरूबाट आउने गरेको छ। सार्वजनिक सेवाको मुख्य आधार मानिने निजामती सेवा जनमुखी, सेवामुखी, निष्पक्ष, तटस्थ र नतिजामुखी हुन नसकेको; कर्मचारीहरू अनुशासित, मर्यादित, विश्वासिलो र भरोसायुक्त हुन नसकेको; सार्वजनिक सेवाहरूको पेशागत विकास हुन नसक्दा आदेश/निर्देशनको पालना गर्ने संयन्त्र जस्तो भएको भन्ने आरोप लाग्दै आएको छ। सार्वजनिक सेवाहरूको कार्यसंस्कृति प्रक्रियामुखी, अपारदर्शी र अनुत्तरदायी छ। सार्वजनिक सेवाका मूल्य मान्यता र सिद्धान्तको परिपालना हुन सकिरहेको छैन। सेवा सम्बन्धी कानूनी व्यवस्थाको उचित प्रयोग र पालना भएको छैन। सेवाहरूमा सदाचार पद्धतिको विकास हुन सकेको छैन, साथै अत्याधिक दलीयकरण भएको छ भन्ने आरोप पनि लाग्ने गरेको छ।

बजारको सबैभन्दा योग्य जनशक्तिलाई सेवामा आकर्षण गर्न सकिएको छैन। सार्वजनिक सेवाको कामको प्रकृति र विद्यालय, विश्वविद्यालयका विषयक्षेत्रका बीच सामञ्जस्य नभएको; विद्यालय, विश्वविद्यालयका पाठ्यक्रम र लोक सेवा आयोगका पाठ्यक्रमबीच तालमेल नभएको; विश्वविद्यालयका योग्यतम् व्यक्तिलाई सार्वजनिक सेवामा ल्याउने आधारहरू निर्माण गर्न नसकेको जस्ता समस्या छन्। सेवामा प्रवेश गरिसकेपछि कर्मचारीको योग्यताको कदर गर्ने परिपाटीको विकास हुन नसकेको; पदस्थापन र सरुवा गर्दा योग्यताको महत्त्व राख्ने नगरिएको; बढुवा गर्दा कार्यसम्पादन मूल्याङ्कनको मूल्यलाई शून्य बराबर बनाइएको; व्यक्तिको योग्यता, रुची र अनुभव बारेमा ध्यान दिने नगरिएको; सेवा प्रवेश गरेपछि कर्मचारीको योग्यता बढाउन थप अध्ययन, अनुसन्धान र अन्वेषण गर्ने अवसर दिने नगरेको जस्ता कारणले गर्दा सेवामा प्रवेश गरेको एक योग्य व्यक्ति पनि निराश र अनुत्प्रेरित हुन बाध्य हुने गरेको जस्ता आरोप लाग्ने गरेको छ। सार्वजनिक सेवामा विशेषज्ञताको ठोस विकास हुन नसकेको; निजामती सेवा स्वयं नै विशेषज्ञ सेवा बन्न नसकेको; विशेष प्रकृतिको कार्यक्षेत्रमा विज्ञको रुपमा काम गर्ने व्यक्ति वा समूहको विकास नभएको; सेवामा गुणस्तर अभिवृद्धि हुन नसकेको; कर्मचारीमा आफ्नो पेशाप्रति प्रतिबद्धताको अभाव रहेको; कर्मचारीको लागि न्यूनतम् जीवन निर्वाह गर्न पुग्ने तलब र सुविधा उपलब्ध गराउन नसकेकोले कर्मचारीको मनोबल र कार्यउत्प्रेरणा कमजोर हुदै गएको; कार्यसम्पादनमा आधारित मूल्याङ्कन र पुरस्कार तथा दण्डको व्यवस्था स्थापित हुन नसकेको भन्नेसमेत गरिन्छ।

सेवाभाव सबै कर्मचारीको मूल धर्म हो भन्ने गरी व्यवहारगत परिवर्तन गर्ने वातावरण निर्माण भएको छैन। निजामती सेवा लगायतका सार्वजनिक सेवाहरूमा जनशक्ति योजना बनाएर सोही अनुसार व्यवस्थापन गर्ने प्रचलनको विकास हुन सकेको छैन। उपयुक्त व्यक्ति उपयुक्त स्थानमा पदस्थापन गरी कार्यसम्पादन गर्ने/गराउने परिपाटीको विकास हुन सकेको छैन।

निजामती लगायत समग्र सार्वजनिक सेवामा कर्मचारीको वृत्ति विकासका अवसरहरूमा स्थिरता, समानुपातिक र अनुमानयोग्य व्यवस्था हुन सकेको छैन। अहिलेको प्रतिस्पर्धी युग अनुरुप देशभित्र र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास हुन सकेको छैन। निजामती लगायत समग्र सार्वजनिक सेवामा प्रविधिको प्रयोग गर्ने विषयमा पर्याप्त सफलता मिल्न सकेको छैन। पेशागत हकहितमा समर्पित हुनुपर्ने कर्मचारीका ट्रेड यूनियनहरू राजनीतिक दलका भातृ संगठनका रुपमा विभाजित र परिचालित हुँदा तटस्थता र निष्पक्षतामा बाधा पुग्न गई सार्वजनिक सेवाहरूमा व्यावसायिकताको विकास गर्न कठिन भएको गुनासो पनि छ।

प्रस्तुत सन्दर्भमा नेपालको सार्वजनिक सेवामा कार्यरत कर्मचारीहरूमा व्यावसायिकता (Professionalism) प्रवर्द्धन गर्ने सन्दर्भमा विद्यमान समस्याको पहिचान गर्दै समस्याका कारणहरूको विवेचना गर्नुहोस्। समस्या समाधानका लागि मौलिक, व्यावहारिक र कार्यान्वयनयोग्य सुझावहरू प्रस्तुत गर्नुहोस्। ८+७+१०=२५

««समाप्त»»